(८) विपद्को समयमा राहत तथा उद्धारका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाबाट पेस हुने परियोजनाहरुलाई छिटोछरितो स्वीकृति/सम्झौता/सहजीकरण गर्न निम्नानुसारको Rapid Response Team गठन गरिएको र सार्वजनिक विदाको दिनमा समेत परिषद्बाट यस सम्बन्धी सेवा प्रवाह हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**Rapid Response Team**

(क) INGO (अगैसस तर्फ)

| क्र.स. | नाम | पद | मो.नं. | इमेल |
|---|---|---|---|---|
| १ | प्रतिक्षा मिश्र | सहायक निर्देशक | ९८४२२१७२९४ | Pxams294@gmail.com |
| २ | सत्यनारायण महतो | सहायक द्वीतिय | ९८६०३६८७५४ | |
| ३ | राम पुकार शाह | सहायक द्वीतिय | ९८१५८९७८४९ | |

(ख) NGO (गैसस तर्फ)

| क्र.स. | नाम | पद | मो.नं. | इमेल |
|---|---|---|---|---|
| १ | इन्दु शर्मा | सहायक निर्देशक | ९८४३५५७४१३ | ngodrrswc@gmail.com |
| २ | रुपक सन्जेल | सहायक प्रथम | ९८४९५३३३७६ | |
| ३ | विकुल कुमार आचार्य | सहायक द्वीतिय | ९८४९३३०७०२ | |

(ग) विपद् क्रियाकलाप र परियोजना सम्बन्धि प्रतिवेदनका लागि :

| क्र.स. | नाम | पद | मो.नं. | इमेल |
|---|---|---|---|---|
| १ | प्रकाश पंज्ञानी | सहायक निर्देशक | ९८६९२९८०९७ | swcprogressreport@gmail.com |

पुनश्च : प्रधानमन्त्री दैवी प्रकोप उद्धार र राहत कोषमा रकम जम्मा गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (PMO NepaL) बाट जारी बैंक खातामा मात्र रकम जम्मा गर्नु हुन अनुरोध छ ।

समाज कल्याण परिषद्
हरिहरभवन, ललितपुर ।




पोष्ट बक्स नं. २९४८, काठमाडौं, नेपाल, फ्याक्स नं.: ९७७-०१-५४५५७७८
टेलिफोन नं. ०१-५४५५४४८, ०१-५४५५४९४, ०१-५४५५४९५, ईमेल: info@swc.org.np, Website: www.swc.org.np

# समाज कल्याण परिषद्

केन्द्रीय कार्यालय
हरिहरभवन
ललितपुर, नेपाल

पत्र संख्या
च. नं.

मिति : २०८३।०५।१० मा आएको बाढीको कारण रसुवा,नुवाकोट, धादिङ्ग लगायत्का विभिन्न जिल्लाहरूका पीडितलाई उद्धार, राहत र पुनर्स्थापनाका सम्बन्धमा

**राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाहरूलाई**

अत्यन्त जरूरी सूचना

मिति : २०८३।०५।१३

समाज कल्याण परिषद्बाट उल्लेखित विपद्का बारे मिति २०८३।०५।१० को सार्वजनिक सूचना जारी भै सकेको व्यहोरा अवगतै छ । उल्लेखित क्षेत्रलाई नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरेकोले राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी सामाजिक संघसंस्थाका उद्धार, राहत र पुनर्स्थापना कार्यक्रमका सम्बन्धमा मिति २०८३ असोज मसान्त सम्मका लागि तपशिल बमोजिम सम्झौता/स्वीकृति र सहजीकरण हुने व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

(१) राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी सामाजिक संघसंस्थाले परिषद्बाट स्वीकृति/सम्झौता गरी सञ्चालनमा रहेका परियोजना अन्तर्गत विपद् व्यवस्थापन सम्बन्धी वजेट विनियोजन भएको हकमा परिषद र सम्बन्धित निकायमा जानकारी गराई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तोके बमोजिमका/सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति/स्थानीय विपद् व्यवस्थापन समितिबाट माग भएका राहत सामग्री तथा सेवा प्रदान गर्ने । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण अन्तर्गतका ११ वटा क्लष्टरबाट स्वीकृत कार्य योजना भित्रका कार्यक्रम/परियोजनाका हकमा यो व्यवस्था लागू हुने ।

(२) राष्ट्रिय/अर्न्राष्ट्रिय गैरसरकारी सामाजिक संघसंस्थाको स्वीकृत परियोजनामा राहत बाहेकका शिर्षकबाट राहत क्रियाकलापमा रकमान्तर वा परियोजना संशोधन गर्दा स्थानीय माग अनुरुप शुरु वजेटको २० प्रतिशत वा १० करोड सम्म संशोधन गर्न सक्ने र यस अघि परियोजना संशोधन गरि सकेका अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थालाई समेत यस विपद्को अवस्थालाई मध्यनजर गरी पुनःउल्लेखित शिलिङ बमोजिम संशोधन गर्न सकिने ।

(३) विपद् संङ्कटग्रस्त क्षेत्र घोषणा भएका क्षेत्रका स्थानीय तहहरुमा कार्यक्षेत्र नभएका अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाले परिषद्लाई जानकारी गराई आ-आफ्नो कार्यक्षेत्रमा काम गरिरहेका साझेदार संस्था मार्फत नै बाढी प्रभावित क्षेत्रमा काम गर्न सक्ने ।

(४) विपद् प्रतिकार्यसँग सम्बन्धित नयाँ परियोजनामा परिषद्बाट तोकिएको प्रशासनिक तथा कार्यक्रमगत वजेट अनुपात, हार्डवेयर तथा सफ्टवेयर अनुपातको विषयमा परिषदले आवश्यकता हेरी लचकता अपनाउन सक्ने ।

(५) अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाले नेपाल सरकार मन्त्रिपरिषद्बाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएका स्थानीय तहमा वितरण गर्न अत्यावस्यक पर्ने सामग्रीहरु विदेशबाट ल्याउँदा नियमानुसार आयात इजाजतको लागि परिषद्ले सम्बन्धित भन्सार कार्यालयमा सिफारिस गर्ने ।

(६) विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा भएको क्षेत्रमा मानवीय सहयोग, उद्धार एवम् पुनर्स्थापनाको लागि कार्यक्रम सञ्चालन गर्ने राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाले स्थानीय सरकारको विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिसँग सहकार्य र समन्वयमा विपद् सम्बन्धी क्रियाकलाप सन्चालन गर्ने र यस्ता कार्यक्रम परिषद्ले ढिलोमा ४८ घन्टाभित्र स्वीकृत गर्ने ।

(७) राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाले सम्पादित कार्यको प्रगति विवरण परिषद्ले तय गरेको ढाँचा बमोजिम परिषद्लाई अनिवार्य प्रतिवेदन पेश गर्नु पर्ने ।



पोष्ट बक्स नं. २९४८, काठमाडौं, नेपाल, फ्याक्स नं.: ९७७-०१-५४५५७७८
टेलिफोन नं. ०१-५४५५४४८, ०१-५४५५४९४, ०१-५४५५४९५, ईमेल: info@swc.org.np, Website: www.swc.org.np